**दक्षिणकाली नगरपालिकाको दोस्रो ऐतिहासिक नगर सभामा**
**नगर-उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल)द्वारा पस्तुत**

## आ.व. २०७५/०७६ को बजेट, नीति तथा कार्यक्रम

यस नगर सभाका आदरणीय अध्यक्ष तथा यस नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख अतिथि माननाय वन तथा वातावरण मन्त्री श्री शक्ति बहादुर बस्नेत ज्यू,विशेष अतिथि ३ नं. प्रदेश सभासद श्री पुकार महर्जन ज्यू,राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यू,नगर सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षा निकायका प्रमुखहरु, कार्यालय प्रमुखज्यूहरु, संचारकर्मी मित्रहरु एवं यस कार्यक्रममा उपस्थित सम्पूण महानुभावहरुमा दक्षिणकाली नगरपालिकाको एतिहासिक दोस्रो नगर सभाको वैठकमा यस नगरपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

आधुनिक नेपालको सन्दर्भमा चचा गर्दा नेपालको एउटा उत्कृष्ट धार्मिक पर्यटकीय गन्तव्यको पहिचान बनाएको यस नगरपालिकाराजधानी केन्द्रबाट केवल १८ कि.मी.को दुरीमा अवस्थितरहेको एउटा शितल, शान्त, प्रदुषणरहित, हरीयालीयुक्त नगर भनेर चिनिन्छ । २०६८ को जनगणनामा २४,२९७ जनसंख्या रहेको छ भने यो सानो नगरले विगत देखि नै विकासमा अलग्गै पहिचान निर्माण गरेको छ ।

दक्षिणकालीलाई आजको अवस्थामा पुर्‍याउन र यसलाई माया गर्ने सयौं अग्रज तथा समाजसेवीहरुको पसिना बगेको छ । हामी ती सम्पूर्ण जनहरु प्रति आभार व्यक्त गर्दछौं ।नेपाल सरकारको मिति २०७१/०८/१६ को निर्णयानुसार साविकका चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, छैमले र टल्कुडुडेचौर गा.वि.स. मिलेर ४२.६ वर्ग कि.मि. क्षेत्रफलमा हाल ९ वटा वडामा विभाजित रहेको छ । आज यो नगर विविध संभावना, अवसर र चुनौतिहरुका बीचमा उभिएको छ । प्रज्ञा, शक्ति र एकतामा जोड दिदै आगामी बाटो तय गर्ने प्रण गरेको दक्षिणकाली, गौरवशाली ईतिहास र समृद्ध भविष्यको बीचमा उभिइरहेको छ ।

आज यस गरिमामय सभामा उभिएर आगामी आर्थिक बर्षको नीति, कार्यक्रम तथा वजेट पेश गर्दै गर्दा सवप्रथम म नेपालका सम्पूर्ण वलिदानीपूर्ण आन्दोलनहरुमा आफनो अमूल्य प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

जनप्रतिनिधिमूलक यस १९ बर्ष पछि सम्पन्न भएको स्थानिय तह निर्वाचनबाट १५ बर्षको अन्तरालमा प्रतिनिधिको रुपमा चुनिएर काम थालनी गरेको यो सुखदः अवसरमा हामीलाई आफनो अमूल्य मत दिई बिजय गराउने सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै, जनप्रतिनिधि विहीनताको अवस्थामा समेत जनअपेक्षा वमोजिम कार्य सम्पादन गरी जनसहभागितामूलक पद्धतिबाट विकास निर्माण तथा सेवा प्रवाहलाई निरन्तरता दिन सफल भएकोमा प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद टक्राउन चाहन्छु ।

वैकल्पिक राजमार्ग, ऐतिहासिक चन्द्रज्योति पावर हाउस, प्रसिद्ध धार्मिक तिर्थस्थल दक्षिणकाली मन्दिर, लिच्छिविकालिन ऐतिहासिक पौराणिक शिखरापुरी नगरी, परम्परागत हरिशंकर जात्रा, थैली नाच, कातिक नाच, लाखे नाच, बज्रयोगिनी जात्रा, गाई जात्रा जस्ता परापूवकाल देखी चली आएका परमपरागत नाच एवं जात्राका कारण यस नगरलाई सास्कृतिक नगरीको रुपमा पनि चिन्न सकिन्छ । काठमाडौंको ४ नारायण मध्येका एक शेषनारायाण मन्दिर,बौद्ध धर्मावलम्बीहरुको अध्ययन तथा अनुसन्धानको रुपमा रहेको पवित्र तिर्थ स्थल गोरखनाथ, पदमसम्भव गुफा, बज्रयोगिनी मन्दिर, गोपालेश्वर मन्दिर, पचली भैरबलगाएतका थुपै मठ मन्दिर र गुम्बाहरु रहेको यस नगरी धार्मिक दृष्टिकोणले पनि त्यत्ति नै प्रसिद्ध रहेको छ ।उषा मैयाको दरबार,बाणसरका दरबार, ३३

केटी देवदेवताको बासस्थल झम्केश्वरी मन्दिर, भिमसेन मन्दिर, चौकोट देवी, चम्पादेवा, दक्षिण गोदावरी, दक्षिण मनकामना, कटवाल दह, ग्रीन तारा लगायतका पवित्रधार्मिक एव तिर्थस्थलको रुपमा रहेको यस दक्षिणकाली नगरपालिका सामाजिक सद्‌भाव र सहिष्णुताको वेजोड उदाहरणको रुपमा रहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

यस महत्वपूर्ण अवसरमा, केही अत्यन्तै गम्भिर तथा केही सान्दर्भिक विषयहरुमा म यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु :

- सावजनिक पूर्वाधार, खुल्ला क्षेत्र, खेलकुद तथा मनोरञ्जन स्थलको व्यवस्थापन नगरपालिकाको प्रमुख दायित्व हो तर जग्गाको उपलब्धता तथा व्यवस्थापन यसको पहिलो शर्त हो । सावजनिक जग्गाको संरक्षण तथा उपयोगको जिम्मा नगरपालिकाहरुले प्राप्त गर्नेहुदा त्यस जमिन नगरले जनताको अपेक्षा बमोजिम चाहेको विकास निर्माण गर्न सकिने निति लिईनेछ । जग्गा खरिद गरी यस्ता पूर्वाधार निर्माण गर्नु निकै महँगा हुन जान्छ । विगतमा स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायलाई प्रदान गरको यो अधिकारमा हाल सरकारले जारी गरेको परिपत्रले अंकुश लगाएको छ । उक्त परिपत्र अविलम्ब फिर्ता लिन र नगरपालिकाको आफ्नो विकास निमाणमा सार्वजनिक जग्गाको प्रयोगको मार्ग प्रशस्त गर्न जोडदार आवाज उठाउन चाहन्छु ।
- दक्षिणकालीको ऐतिहासिक महत्व दर्शाउने मठमन्दिरहरुको आवश्यक पूर्वाधारहरुको विकास र संरक्षण गर्न नेपाल सरकारका सवै सम्बन्धित निकाय समक्ष सादर अनुरोध गर्न चाहन्छु ।

**अब म आ.व. ०७४/७५ को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

- आ.ब २०७४/७५ मा कुल रु. २८ करोड ७३ लाख ९५ हजारको बजेट तथा कार्यक्रम तर्जूमा गरिएको थियो । आर्थिक बर्ष सम्पन्न नभइसकेको कारणले यर्थाथ आम्दानी तथा यर्थाथ खर्चको विवरण पेश गर्न सम्भव भएन ।
- सीमित श्रोत तथा साधन हुने हाम्रो जस्तो निकायमा पुँजीगत खर्च न्यून हुनु अत्यन्त दु:खद विषय हो । प्राय सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत हुने भएतापनि समयमै सम्झौता नहुने, लागत सहभागिता जटाउन कठिनाई तथा पेश्की विना काम गर्न नसक्ने अवस्था एव समयमै पेश्की फछ्र्यौट नगर्ने प्रवतिका कारण आशातित प्रगति हासिल गर्न सकिएको अवस्था छैन । निर्माण व्यवसायाी मार्फत गरिने कार्यमा पनि निर्माण व्यवसायीका काम ओगटने तर काम नगर्ने प्रवृत्ति, समयमा ठेक्का बन्दोवस्त नहुने, समयमा कार्यक्रम स्वीकृत नहुने तथा निर्माण सामाग्रीको अभाव एवं छिटो शुरु भएको मनसुन समेतको कारणले यस्तो परिस्थिति पन गएको छ । यसलाई गम्भिर रुपमा मनन गरी आगामी दिनमा जनप्रतिनिधिहरु समेत परिचालित भै प्रभावकारी अनुगमन गर्दै पूँजीगत खर्चमा उल्लेख्य प्रगति गर्ने आशा तथा विश्वास दिलाउन चाहन्छु ।
- गत आ.व. देखि नै आयव्ययको लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न हुने सबैधानिक प्रावधानले गर्दा आगामी दिनमा आर्थिक अनुशासन कायम गर्ने कुरामा सुधार आउने अपेक्षा लिएको छु । कार्यालयकाआन्तरिक लेखा परिक्षण शाखा लगायत अन्य आवश्यक शाखा गठन र कर्मचारी क्षमता विकासबाटनगरपालिकाको समग्र सेवाप्रवाहमा गुणस्तर बृद्धि हुन जाने अपेक्षा लिएको छु । यसका अलावा जनप्रतिनिधिहरुले भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिने प्रण गरेको कारणले समेत वित्तिय अनुशासनमा सुधार आउने कुरामा म विश्वस्त छु ।

**उपस्थित सम्पूर्ण महानुभावहरू :**

आ.व. ०७५/७६ को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ :-

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धि विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधानको अनुसुची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजस्व परिचालन सम्बन्धि खाका, खर्च जिम्मेवारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।
- यस नगरपालिकाको जन प्रतिनिधीको रुपमा जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समय जनतासँग गरेका बचनवद्धताहरु ।
- चौधौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अङगीकार गरेका तथ्य, सुचक एवं प्राथमिकताहरु ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं ३ नं. प्रदेशबाट प्राप्त हुने विभिन्न शिर्षकका बजेट, मार्गदर्शन एवं निर्देशनहरु तथासुझावहरु ।
- सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नगरपालिकाका बीच सम्पन्न कार्यसम्पादन सम्झौताले परिलक्षित गरेका सुचकहरु ।

अव म हामीले आगामी बर्षको लागि प्रस्ताव गरेको आयव्ययको खाका र हामीले उच्च प्राथमिकता दिएका केहीविषयहको बारेमा प्रकाश पार्न चाहन्छु :

- व्यवस्थापिका संसदमा प्रस्तुत आगामी आर्थिक बर्षको वजेट वक्तव्यका साथ प्राप्त भएको वित्तिय समानीकरणअनुदान तर्फ रु ९ करोड ७ लाख, सशर्त अनुदान रु १४ करोड २६ लाख र राजश्व बाँडफाँड बापतको रकम रु ४ करोड ९७ लाख ८४ हजार तथा प्रादेशिक सरकारको तर्फबाट समानीकरण अनुदान तर्फ रु ७९ लाख ६० हजार, सशर्त अुनदान रु १ करोड ६० लाख ४९ हजार र सवारी साधन कर बाँडफाँड बापत रु १ करोड १७ लाख ४ हजारअनुदान रकम प्राप्त भएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु । यसको अलावा स्थानिय तहका वित्तिय श्रोतहरु मध्ये बाँकी भएका श्रोतहरुबाट के कति रकम प्राप्त हुन आउछ र यसले नगरपालिकाको वजेट सिलिङमा के कस्तो प्रभाव पार्छ भनी आज एकिन साथ वताउन सकिने अवस्था नरहेको हुँदा यथार्थ वजेट यस सभामा प्रस्तुत गर्न नसकिएको व्यहोरा अवगत गराउन चाहन्छु ।
- संघिय सरकारबाट प्राप्त सशर्त अनुदान रु १४ करोड २६ लाख र प्रादेशिक सरकारबाट प्राप्त सशर्त अनुदान रु १करोड६० लाख ४९ हजार गरी जम्मा १५ करोड ८६ लाख ४९ हजारबाट संचालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरु निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुवहु स्वीकृत गरिएको छ ।
- नेपाल सरकार तथा प्रादेशिक सरकारबाट समानीकरण अनुदान स्वरुप प्राप्त रकम तर्फ समावेश भएका सम्पूर्ण कार्यक्रमहरुको लागि स्रोतको व्यवस्थापन गर्न एकमुष्ट रुपमा रु ९ करोड ८६ लाख ६० हजार विनियोजन प्रस्ताव गरेको छु ।
- नेपाल सरकार तथा प्रादेशिक सरकारबाटराजश्व बाँडफाँड स्वरुप प्राप्त रकम तर्फ समावेश भएका सम्पूर्ण कार्यक्रमहरुको लागि स्रोतको व्यवस्थापन गर्न एकमुष्ट रुपमा रु ६ करोड १४ लाख ८८ हजार विनियोजन प्रस्ताव गरेको छु ।यसैगरी यस नगरपालिकाको आन्तरिक आम्दानीतर्फ रु ३ करोड ९८ लाख ४६ हजार संकलन हुने अनुमान गरेको छु ।
- यसै गरी वडा कार्यालयले प्राथमिकता तोकेका क्षेत्रहरुमा कुनै हेरफेर नगरी योजना स्वीकृत गर्ने गरी प्रति वडामा कम्तिमा ५५ लाख देखी बढीमा १ करोड १५ लाख बजेटको व्यवस्था मिलाएको छ । उक्त रकम प्रशासनीक खर्च बाहेकको विकास वजेट हो ।

- स्थानीय निकाय श्रोत परिचालन कार्यविधिको अवलम्वन गरिएका विगतमा गरिएका नगरपरिषदबाट पूँजीगत बजेटको ३५ प्रतिशत रकम छुट्टाई महिलाको क्षेत्रमा १० प्रतिशत, बालबालिकाको क्षेत्रमा १० प्रतिशत तथा अन्य लक्षित वर्गमा १५ प्रतिशत रकम विनियोजन गर्ने गरिएको थियो तर स्थानीय सरकारको रुपमा ठूलो परिमाणमा श्रोत परिचालन गरी वजेटको वाडफाड गर्दा सोही अनुपातमा रकम विनियोजन गर्न संभव भएन तसर्थ समावेशी विकासका माध्यमद्धारा आवश्यकताको आधारमा समुदायस्तर सम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिएको छु ।
- यसपूर्व बालमैत्री नगरपालिका बनाउने प्रतिबद्धता जनाएका नगरपालिकाहरुको हकमा बालबालिकाको क्षेत्रमा थप ५ प्रतिशत श्रोत विनियोजन गर्नु पर्ने प्रावधान थियो ।दक्षिणकाली नगरलाई बालमैत्री नगर बनाउने हाम्रो साझा प्रतिबद्धता हो ।बालमैत्री नगर बनाईने निति लिएको छु ।
- योजनाबद्ध विकासको मार्गमा दक्षिणकाली नगरपालिकालाई अगाडि वढाउने प्रयासस्वरुप एकिकृत नगर विकास योजना तर्जुमा गर्ने निति लिएको छ । यस याजना दस्तावेजले आर्थिक विकास, सामाजिक विकास,पूर्वाधार विकास,वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह लगायतका ५ वटा नीति दस्तावेजलाई समेटनेछ र यो दस्तावेज समृद्ध दक्षिणकालीको बलियो जग सावित हुने अपेक्षा लिएको छु ।
- दक्षिणकाली नगरपालिकाएउटा ऐतिहासिक तथा सास्कृतिक शहर हो । हाम्रा संस्कृतिहरु मूर्त मात्रै छैनन, अमूर्त पनि छन । विभिन्न जात जाति, जनजाति तथा भाषा भाषीका आफ्नै मौलिक सास्कृतिक धरोहरहरु छन। यिनिहरुको संरक्षण, विकास तथा प्रवर्धन गर्नु हामी सबको साझा कर्तव्य हो । समग्र खेलकुदका कार्यक्रमहरु संचालन गर्न, खेलकुदका पूर्वाधारहरु निर्माण गर्न तथा प्रतियोगिताहरु आयोजना गर्न सघाउने समेतका खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गरिने निति लिएको छु ।

अवलम्बन गरिएका महत्वपूर्ण तथा मार्गदर्शक नीतिहरु : आगामी आ.ब.को बजेटतर्जुमा गर्दा लिइएका महत्वपूर्ण क्षेत्रगत नीतिहरु यसप्रकार छन :

### (क) आर्थिक विकास:

## कृषि तथा पशुपन्छी

१. “कृषिबाटै समृद्धि” भन्ने मूल नाराका साथ सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरीकृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

२. कृषि बजार सूचना, कृषि बजार तथा कृषिजन्य पदार्थ संकलन केन्द्र, पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम,प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालनगरिनेछ ।

३. कृषि उत्पादनलाई प्रबर्द्धन र प्रोत्साहन गर्न उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गरिनेछ ।

४. तरकारी, फलफूल तथा अन्नवालीको भण्डारण गर्न सवै पक्षको सहभागितामा नगर स्तरीय शीत भण्डारतथा भण्डार गृहको सम्भाव्यता अध्ययन गरी निर्माण प्रकृया अगाडि बढाईने छ ।

५. कृषि उत्पादन, प्रशाधन, व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणका लागि कृषि उत्पादन स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउने कार्यलाई निरन्तरता दिईने छ ।

६. कषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

७. नगदेवाली विशेष गरी तरकारी, फलफूल नर्सरी, नासपाती, लप्सी र सुन्तला खेतीलाई व्यवसायिक रुपमा विकासगरिनेछ । कृषि पकेट क्षेत्र निर्धारण गरी एक वडा एक उत्पादनको लागि आवश्यक व्यवस्था मिलाईनेछ । जसअनुरुप वडा नं १ लाई पर्यटकिय पकेट क्षेत्र, वडा नं. २ र वडा नं. ३ लाई तरकारी

पकेट क्षेत्र,वडा नं ८ लाई नास्पाती पकेट क्षेत्र र वडा नं ९  लाई लप्सी पकेट क्षेत्र तथा चाल्नाखेल देखी छैमलेको मखुबेशी सिमपानी सम्मलाई पशुपालन तथा तरकारीको पकेट क्षेत्र घोषणा गरी अघि बढाईनेछ ।

८. मासु तथा दुग्धजन्य (पशु/पन्छी) पालनका लागि गाई, भैसी, कुखुरा, राँगा, बाख्रा, हाँस र परेवालगायतका पशुपन्छीको व्यबसायिक पालनका लागि आवश्यक तालिम तथा क्षमता विकासको कार्यक्रमसञ्चालन गरिनेछ ।

९. प्रत्येक वडामा कम्तीमा एउटा कृषि सहकारी र हरेक गाउँमा कृषक समूह निर्माण गरी र कृषि सम्बन्धीस्थानीय संघ संस्थाहरूको समन्वयमा कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

१०. कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बीउ उत्पादन कार्यकममाप्रोत्साहन दिई उन्नत बीउ वितरण गरिने छ ।

११. जग्गा जमिन कम भएका शहरी क्षेत्रहरुमा कौसी खेती, गमला खेती, करेसाबारी लगायतका शहरी कृषि प्रणालीलाई प्रबर्द्धन गरिनेछ । कृषि योग्य भूमी बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिने छ ।

१२. नगरपालिका क्षेत्रभित्र कृषि प्रविधि मेला आयोजना गरिनेछ ।

१३. नगरपालिका क्षेत्रभित्र व्यवसायिक रुपमा संचालन गरेका र संचालन गर्न खोज्ने किसानका लागि कृषि स्वरोजगार अनुदान कार्यक्रम संचालन गर्ने ।

१४. कृषि साझेदारी कार्यक्रम नगरपालिका कृषक तथा सहकारीविच साझेदारी गरि संचालन गरिनेछ । कम्तीमा सवै पक्षका २० जना कृषकहरुलाई सहभागिता गराई कार्यक्रम गराईनेछ ।

१५. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घाँसखेतीका कार्यकम संचालन गरिने छ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ । उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारीकरणको प्रवन्ध मिलाइने छ ।

१६. कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिबृद्धि कार्यकम संचालन गरिने छ ।

१७. नगर भित्रका पशुपंछी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ । स्वच्छ र स्वस्थमासु उपभोक्तासम्म पुऱ्याउन उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडि बढाईनेछ ।

१८. पशुपंछी चिकित्सा सेवालाई प्रभावकारी बनाउन सरल र सहज रुपमा निःशुल्क औषधीको व्यवस्था गरिनेछ । बाली उपचारलाई पनि सँगै लैजाने नीति लिइनेछ ।

१९. आधुनिक व्यवस्थित पशु वधशाला स्थापना र निर्माण गर्न मासु व्यवसायीहरुको सहकारी निर्माण गर्न प्रेरित गरिने छ । यस्तो सहकारीमा नगरपालिकाले टोकन मनी प्रदान गर्नेछ ।

२०. **वडा नं. ८ को भण्डारखर्क स्थित नेवारवारीमा अन्दाजी ६० रोपनी जमिनमा आयमूलक क्षेत्र(बोटविरुवा रोप्ने) घोषणा गर्ने नीति लिइनेछ ।**

२१. **कृषि उत्पादनलाई प्रवर्द्धन गर्न कृषि तथा पशु विमा गर्ने नीति लिइनेछ । साथै नगरक्षेत्र भित्रका उत्कृष्ट कृषकलाई अनुदान दिने नीति लिइनेछ ।**

२२. **पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न पशुको निशुल्क उपचार गर्ने नीति लिइनेछ ।**

२३. **दक्षिणकाली नगरपालिका क्षेत्र भित्र प्रवेश गराउने पशुपक्षिलाई निश्चित स्थान तोकी पशु परिक्षण पश्चात मात्र प्रवेश गराउने नीति लिइनेछ ।**

२४. **कृषिजन्य उत्पादनको सहज रुपमा विक्रीवितरण गर्नको लागि स्थान किटान गरी हाटबजारको सुरुवात गर्ने नीति लिइनेछ ।**

२५. **यस नगरपालिका क्षेत्रभित्र प्राङगारिक(अर्गानिक) खेती तर्फ लैजाने नीति लिइनेछ ।**

## राजश्व संकलन,उद्योग तथा वाणिज्य

१. न्यून दर फराकिलो दायरा (Low rate Wide net) को अवधारणा अनुसार कर तिर्ने क्षमता र ईच्छा समेतलाई विचार गरी नगरवासीहरुलाई बोझ नहुने गरी कर, शुल्क तथा दस्तुर निर्धारण गरी आन्तरिकश्रोत संकलन गरिनेछ ।

२. उद्योग वाणिज्य संघसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाउँदैसबै व्यवसायीहरुलाई करको दायरामा ल्याईनेछ ।
३. नेपालको संविधानले परिकल्पना गरेको समाजवादी अर्थतन्त्र र स्थानिय सरकार संचालन ऐन ०७४ ले दिएको अधिकार अनुसार नगरपालिकाको आफनो क्षेत्रभित्र उठाउने कुनै पनि राजश्व नगरपालिका आफैले उठाउने नीति लिइनेछ ।
४. नगर क्षेत्रभित्र घर संरचना भाडामा लगाउनेहरुसँग सम्झौता बमोजिमको रकममा **१०+२ प्रतिशत** घर वहालकर एवम सरसफाई व्यवस्थापनका लागि तोकिएको सरसफाई शुल्क असुल गरिनेछ ।
५. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासँग आवद्ध गर्दै नगरवासीले तिर्ने कर,शुल्कको हिसाब दुरुस्त राख्न कम्प्युटर विलिङ्ग प्रणालीबाट राजश्व सङ्कलनको विद्यमान अवस्थालाई अझैसुदृढ बनाईनेछ ।
६. नगर क्षेत्र भित्रका करदाताहरुको अभिलेख राखी उनीहरुलाई विशेषरुपले पुरस्कृत र सम्मान गर्नेव्यवस्था मिलाईनेछ ।
७. उपभोक्ताको हकहित संरक्षण गर्न बजार अनुगमन गरिने छ ।
८. व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गरिनेछ ।
९. उद्योगी, व्यापारीहरुको हकहित संरक्षण र सुरक्षाका लागि उचित बजार व्यबस्थापन र बजार क्षेत्रमासीसी क्यामरा जडानका साथै सौर्य सडक बत्तीको व्यवस्थापन गरिनेछ ।
१०. नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योग मैत्रीनीतिहरू अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ ।
११. उद्योग स्थापना गर्दा स्थानीय श्रोत, साधन र रोजगारीलाई प्राथमिकता दिईनेछ ।
१२. घरेलु तथा साना उद्योग र उपयुक्त स्थानमा स्थानीय उद्योगहरुका स्थापना, विकास, प्रबर्द्धन रनियमनमा ध्यान दिईनेछ ।
**१३.** उद्योगी व्यवसायीहरुका लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ । २५ जनाभन्दा बढिलाई रोजगारी दिने उद्योग, व्यवसायहरुलाई सहुलियत दरमा छुटको व्यवस्था गरिनेछ । त्यस्ता उद्योगका स्थापना र संचालनका लागि आवश्यक पर्ने सडक, पानी तथा बिजुलीको व्यवस्थापनमा सहजिकरण गरिनेछ । एक गाउँ एक उत्पादन, एक वडा एक पहिचानको अवधारणालाई प्रबर्द्धन गरिनेछ ।
१४. **यस दक्षिणकाली नगरपालिकाको स्थानिय श्रोत उपभोग गरेका संघ संस्थालाई करको दायरामा ल्याउने नीति लिइनेछ ।**
१५. **एक वडा एक उद्योगको अवधारणालाई सुरुवात गरिनेछ ।**

## संस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्धन

१. कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रबर्द्धन रविकास गरिने छ ।
२. आन्तरिक तथा बाहय पर्यटन प्रवर्द्धनका लागि कार्यारम्भ गरिनेछ । प्रत्येक वडामा कम्तीमा एउटा पर्यटकीयस्थलको अवधारणा सञ्चालनका लागि कार्यक्रम ल्याईनेछ ।
३. स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिने छ साथै परम्परागत रुपमाचली आएका जात्रा तथा जातिय सास्कृतिक पर्वको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
४. पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ र मठ, मन्दिर, पाटीपौवा,चैत्य,गुम्बा र गुठीहरुको व्यवस्थापनकोकार्यलाई जोड दिइने छ ।

५. दक्षिणकाली नगर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ । दक्षिणकाली नगर पर्यटन विकासको थप मार्ग चित्र कोर्न पर्यटन गरु योजना निर्माण गरिने निति लिईनेछ ।

६. यस शहरलाई कला साधकहरुको गन्तव्यको रुपमा विकास गर्न संगीतकर्मी, मूर्तिकार, चित्रकारहरुको जमघट गराई कलाको सृजना हुने मेला पर्वहरुको आयोजना गरिने छ । कवि सम्मेलन तथा साहित्यिक गोष्ठिहरु समेत आयोजना गर्न नगरपालिकाले तत क्षेत्रका संघ संस्थासंग साझेदारी गरिने छ ।

७. नगरक्षेत्रको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरुको थप उजागर र संरक्षण गरी पर्यटकीय नगरको रुपमा राष्ट्रिय पहिचान बनाउँदै दक्षिणकाली नगरलाई नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकसित गरिनेछ ।

८. आन्तरिक तथा बाह्रय पर्यटनलाई बढावा दिर्दै काठमाडौंको चार नारायण मध्येको एक शेषनारायाण मन्दिर, बौद्ध धर्मावलम्बीहरुको अध्ययन तथा अनुसन्धानको रुपमा रहेको पवित्र तिर्थ स्थल गोरखनाथ, पदमसम्भव गुफा, बज्रयोगिनी मन्दिर, गोपालेश्वर मन्दिर, पचली भैरब लगाएतका थुपै मठ मन्दिर र गुम्बाहरु रहेको यस नगरी धार्मिक दृष्टिकोणले पनि त्यत्ति नै प्रसिद्ध रहेको छ । उषा मैयाको दरबार, बाणसुरको दरबार, ३३ केटी देवदेवताको बासस्थल झम्केश्वरी मन्दिर, भिमसेन मन्दिर, चौकोट देवी, चम्पादेवी, दक्षिण गोदावरी, दक्षिण मनकामना, कटवाल दह, ग्रीन तारा लगायतका पवित्र धार्मिक एवं तिर्थस्थल, चम्पादेवी हुँदै हात्तीवन रिसोर्ट, गोरखानाथ, मन्दिर हुँदै वाणसुर दरबार देखी डाँडि खोला हुँदै चौकोट देवीबाट हुँदै पुनः दक्षिणकाली नगरपालिकासम्मको पर्यटन मार्ग बनाईने निति लिनुका साथै दक्षिणकाली नगरपालिका वडा नं १ हात्ती वन वडा नं ३, ४ हुँदै वडा नं ९ टल्कुबाट मकवानपुर सम्म जाने वन भित्रपदमार्ग तथा अथअष्लिन चययत विकास गर्ने निति लिईनेछ ।

९. पर्यटकीय तथा हरित नगरपालिकाको रुपमा विकासका लागी पर्यटकिय स्थलहरु पार्क, भ्युटावरहरु निर्माणमा निजी क्षेत्रहरुलाई प्राथमिकता दिईनेछ साथै होमस्टे संचालन गर्न सक्ने सम्भाव्य क्षेत्रहरु अध्ययन गरी संचालन प्रकृयामा प्रोत्साहन गरिनेछ साथै नागरिकहरुको चहलपहल हुने सार्वजनिक शौचालयहरु सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचलनमा ल्याईनेछ ।

१०. पर्यटकिय प्राचिन दक्षिणकाली, चम्पादेवी, वाणसुर दरबार, डाँडीखेल, चौकोट देवी हुँदै पुनः दक्षिणकाली मन्दिर हुँदै शिखरापुरी नगर पर्यटन मार्गको लागी पर्यटन बोर्ड लगायत सरोकारवाला निकायसँग सहकार्य गर्ने निति लिईएकोछ साथै Hiking root/ Trekking Roots को पनि विकास गर्दै लैजाने नीति लिईनेछ ।

११. नगर क्षेत्रको उपयुक्त स्थानहरुमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ । हावापानी सुहाउँदो चिडियाखाना निर्माणको सम्भाव्यता अध्ययन गरिने निति लिईनेछ ।

१२. पर्यटक दृष्टिकोणले स्थापना हुने पर्यटकिय उद्योग, व्यवसायहरु संचालन गर्नका लागी निजि क्षेत्रहरुको पहिचान गरी सहकार्य गरी अगाडी बढने निति लिईनेछ ।

१३. मच्छेन्द्रनाथ प्रवेशद्धारको रुपमा रहेको कटुवाल दहलाई विकसित रुपमा लैजाने निति लिईनेछ ।

१४. बोसन चम्पादेवी सम्म पर्यटन पदमार्ग निर्माण गरि बोसन पानीटयाङकीमा भ्यू टावर निर्माण गर्ने नीति लिइनेछ ।

१५. छैमलेमा निर्माण भईरहेको शहिद पार्कलाई विकास गरिनेछ ।

१६. दक्षिणकाली नगरपालिका वडा नं. ८ छैमले जातिपोखरीमा पर्यटन पदमार्ग निर्माण गरिनेछ ।

१७. शेषनारायण गोरखनाथ जंगलमा धार्मिक पर्यटन पूर्वाधार विकास गरिनेछ ।

१८. टल्कु डाँडीखेललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।

**१९. वडा नं.५ को कुडँली फाँट हुँदै भञ्ज्याङ्ग जाने बाटोलाई नानीबाबु बस्नेत पदमार्ग नामाकरण गरिनेछ ।**

२०. **पुरातात्विक तवरले घर निर्माण गर्ने व्यक्तिलाई अनुदान दिने नीति लिइनेछ ।**

२१. **यस दक्षिणकाली नगरपालिकाको सम्पूर्ण सामाजिक सास्कृतिक परम्परा झल्कने संग्राहलय निर्माण गर्ने नीति लिइनेछ ।**

२२. **नेवारी भाषाको संरक्षण र सम्बर्द्धन गर्न नेवारी भाषा विद्यालयको सुरुवात गर्ने नीति लिइनेछ ।**

२३. **यस दक्षिणकाली नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न दक्षिणकाली पर्यटन महोत्सवको सूरुवात गर्ने नीति लिइनेछ ।**

२४. **दक्षिणकाली चौकोटदेवी केबुलकार निर्माण गर्नको लागि आवश्यक पहल गरिनेछ ।**

## सहकारी र गरिबी निवारण

१. “प्रत्येक वडामा सहकारी, घर घरमा भकारी” भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी रसहकारीको तीन खम्बे अर्थ नीतिलाई कार्यान्वयनमा विशेष जोड दिइने छ ।
२. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण रव्यवसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी कार्यलाई व्यवस्थित गराईनेछ ।
३. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषिका लागि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।
४. सहकारीको माध्यमबाट गरिबी न्यूनीकरणका लागि विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरुसञ्चालन गरिनेछ ।
५. गरिबी निवारणका सम्वन्धमा संघीय, प्रादेशिक र स्थानीय संस्थाहरुसँग सम्पर्क, समन्वय र सहकार्यगरिनेछ ।
६. गरिबीको रेखामुनी रहेका पुर्ण बेरोजगारहरुलाई **वडास्तरिय महिला समिति मार्फत उद्यमशीलताको बिकास गराउन निरन्तरता दिने नीति लिइनेछ ।**
७. रोजगार तथा बेरोजगारको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।
८. ऐन नियमावली बनाई सहकारी संघ सस्थाहरुको दर्ता नविकरण नियमन गरिने छ । नागरिकहरुको बैंक तथा सहकारीहरुमा सहज पहुँचको लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिने छ ।
९. **सहकारी क्षेत्रको आर्थिक समृद्धि, जनताको जीवनस्तर वृद्धि** भन्ने नारालाई सार्थक बनाउन कृषिको व्यवसायीकरण र रोजगारी अभिवृद्धिको माध्यमका रूपमा अगाडि बढाइने नीति लिईएको छ ।
१०. नगरपालिका र सहकारीको साझेदारीमा व्यवसायिक क्रियाकलाप संचालन गर्ने नीति लिईएको छ ।

## खानी तथा खनिज

१. जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकिनेछ एवं खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्यप्रारम्भ गरिनेछ ।
२. ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको उत्खनन र उपयोग सम्बन्धी दर्ता, अनुमति,नवीकरण, खारेजीसम्वन्धी कार्यलाई व्यवस्थित गरिनेछ ।

## सार्वजनिक निजी साझेदारी

१. विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ ।
२. स्थानीय सार्वजनिक–निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।
३. स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन गर्दै स्थानीय जनताको प्रत्यक्ष लागत सहभागितामा ६०-४० (उपभोक्ता वा स्थानीय जनता) को अवधारणा अनुसार आयोजना कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## ख) सामाजिक विकास :

## शिक्षा

१. शैक्षिक क्षेत्रमा गुणस्तरीय सुधारसँगै विकासको नीति लागू गरी एक वडा एक नमूना विद्यालय संचालनको लागिआवश्यक पहल गरिने छ ।
२. विद्यालयलाई पूर्ण सरसफाईयुक्त बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।
३. दक्षिणकाली नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरुमा बाल विकास केन्द्र तथा मण्टेश्वरी सञ्चालनगरिनेछ ।

४. आगामी ५ बर्ष भित्र नगरलाई पूर्ण साक्षर नगर बनाउने नीति अवलम्वन गरिने छ ।

५. प्रत्येक वडाका सामुदायिक विद्यालयलाई अग्रेजी माध्यमबाट पठन पाठनको शुरुवात गराउनुपर्ने व्यवस्थालागू गराईनेछ ।

६. गुणस्तरिय शिक्षा प्रदान गर्नका लागी प्रत्येक बिद्यालयमा E–Attendance / CC– Camera जडान गरिनेछ ।

७. जेहेन्दार अति गरीव दलित, असहाय तथा द्वन्द्व पिडीत वालवालिकालाई "नगर प्रमुख शैक्षिक छात्रवृति"प्रदान गरी पढन पाउने हकको सुनिश्चित गरिनेछ ।

८. युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्नको लागि लोक सेवा आयोग, शिक्षा सेवा आयोग जस्तापरीक्षालाई लक्षित गरी कोचिङ्ग र तालिम कार्यक्रम संचालन गरिनेछ ।

९. निर्वाचित प्रतिनिधि, नगरपालिका क्षेत्रभित्र कार्यरत राष्ट्र सेवक कर्मचारी र सामुदायिक विद्यालयमाअध्यापन गर्ने शिक्षक/शिक्षिकाहरुलाई आफना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउनप्रोत्साहन गरिने छ ।

१०. विद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिबेक्षण गरिने छ ।

११. सबै विद्यालयहरुमा पूर्ण रुपमा भौतिक पूर्बाधारसम्पन्न बनाई शिक्षक व्यवस्थापनमा जोड दिइने छ ।

१२. नगरपालिका भित्रका विद्यालयमा अध्ययनरत छात्रछात्राहरु मध्ये SEE परीक्षा तथा नगरस्तरीय (८ कक्षा) परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने एकजना छात्र र एकजना छात्रालाई पुरष्कृत गर्ने नीति लिईनेछ ।

१३. विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोडने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बन्चित बालबालिकाहरुबिचमापढाई छोडेर बसेकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा, खुल्ला बिद्यालय (CLC) कक्षा संचालन गरिनेछ ।

१४. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, ई-लाईब्रेरी तथा सरसफाइ आदिको प्रबन्ध विद्यार्थी संख्याको अनुपातमा गरिनेछ । शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनेछ । विद्यालयलाई शान्ति क्षेत्र बनाइनछ ।

१५. यस नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरुलाई पनि गुणस्तरीय शिक्षाका लागी व्यवस्थित बनाएर लगिनेछ ।

१६. व्यवहारिक शिक्षा नीति, प्राविधिक शिक्षा प्रणाली, कृषि शिक्षा प्रणाली, जिवनपर्यन्त शिक्षा प्रणाली तथा खुला विश्वविद्यालयको अवधारणालाई अगाडि बढाइनेनीति अपनाईनेछ ।

१७. औपचारिक शिक्षा संचालन गरिएको विद्यालयहरुमा **<u>व्यवसायिक तथा प्राविधिक शिक्षालाइ</u>** समेत समावेश गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१८. आर्थिक समस्याले गर्दा उच्च शिक्षा हसिल गर्न नसकेका बिद्यार्थीहरुको पहिचान गरी उनीहरुलाई सिप बिकासमा जोड गराउदै थप रोजगारीको अवसर जुजना समेत गरी उच्च शिक्षा हासिल गर्ने वातावरण मिलाईनेछ ।

१९. वडा नं २ स्थित कामधेनु मा.बि लाई प्राविधिक कृषि बिद्यालयको रुपमा रुपान्तरण गरी अगाडी बढाईनेछ ।

२०. वडा नं ५ स्थित त्रिभुवन आर्दश माध्यमिक बिद्यालयलाई शिक्ष संग सगै प्राबिधिक तालिम केन्द्रको रुपमा अगाडी बढाईनेछ ।

२१. विद्यालयमा रहेका बाल क्लव, जुनियर रेडक्रस सर्कल, स्काउट लगायतलाई थप व्यवस्थित गरिनेछ ।

२२. विद्यार्थी संख्या, शिक्षक दरबन्दी, सुगमता आदि मापदण्डका आधारमा विद्यालय र शिक्षक मिलानकार्यलाई अगाडि बढाइने छ ।

२३. विषयगत शैक्षिक उपलब्धीको आधारमा विद्यार्थी, शिक्षक, एबं विद्यालयलाई पुरस्कृत गरिनेछ ।

२४. नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, विद्यार्थी समेतलाई आधारबनाएर नगर शिक्षा प्रोफाईल बनाउने कार्यको थालनी गरिनेछ ।

२५. “शिक्षा सहितको संस्कार, सीपसहितको व्यवहार” भन्ने नारा स्थापित गरी संस्थागत र सामुदायिक विद्यालयहरु संचालन हुने अवस्थाको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।

२६. दलित बालबलिकालाई दिईने भत्ता लिन आउदा निजका अभिभावकहरुले विद्यालय जाने उमेर भएको आफना अघिल्ला सन्तानहरु पठनपाठन गरिरहेको सिफारिश विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका बालबलिकाहरु पायक पर्ने बालविकास केन्द्रमा भर्ना भएको हुनु पर्नेछ ।

२७. वडा कार्यालय सिफारिसको आधारमा बालबालिकालाई विद्यालय नपठाउने अभिभावकहरुलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरु) उपलब्ध गराउन बाध्य नहुने नीति अबलम्बन गरिनेछ ।

२८. सबै विद्यालयहरुमा शिक्षक विद्यार्थीको पोशाकलाई अनिवार्य गरिनेछ । विद्यार्थीहरुको प्रगति मूल्यांकन प्रतिवेदन तयार गरिनेछ ।

२९. निजी विद्यालयको विद्यार्थी शुल्क निर्धारण नेपाल सरकारको मापदण्डभित्र रहेर गर्न एवं तोकिएको भौतिक एवं शैक्षिक पूर्वाधार पुरा भएकालाई मात्र नयाँदर्ता वा कक्षा स्तारोन्ततिका स्वीकृति दिईनेछ र सो को नियमित रुपमा अनुगमन र नियमन गरिनेछ ।

३०. निजी विद्यालयहरुलाई सरकाले तोकेको गरिब, विपन्न तथा सीमान्तकृत समुदायको छात्रावृति कोटा अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गराईनेछ ।

३१. शिक्षकहरुको लागि वार्षिक रुपमा क्षमता अभिवृद्धि तथा रिफ्रेसर तालिम सञ्चालन गरिनेछ ।

३२. औपचारिक शिक्षा संचालन गरिएको विद्यालयहरुमा प्राविधिक शिक्षालाई समेत समावेश गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

३३. विद्यार्थीहरुको अन्तर्निहित क्षमता प्रष्फुटन गराउन बौद्धिकस्तर बृद्धिका लागि अन्तर विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता र साहित्य सिर्जनाको क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. शिखरापूर क्याम्पसलाई मास्टर डिग्रीसम्मको अध्ययन गर्नको लागि पूर्वाधार विकास गरिनेछ ।

३५. सामुदायिक सरकारी विद्यालयका प्राथमिक तहसम्मका विद्यार्थीहरुलाइ पौष्टिक आहार दिवा खाजाको कार्यक्रम संचालन गरिनेछ ।

## स्वास्थ्य :

१. सबै स्वास्थ्य चौकीहरुमा पर्याप्त रुपमा निःशुल्क औषधीको व्यवस्था मिलाईनेछ । **नगर क्षेत्रभित्रका नागरिकको स्वास्थ्य विमा गर्ने नीति लिइनेछ ।**

२. नगर क्षेत्रमा एम्बुलेन्सको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

३. किशोर किशोरीलाई लक्षित गरी प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

४. निजी विद्यालयमा वर्षमा एकपटक विद्यार्थीको निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ रसामुदायिक विद्यालयको हकमा सम्वन्धित वडा कार्यालयको समन्वयमा समन्वय गरी निःशुल्क स्वास्थ्यपरीक्षणको व्यवस्था मिलाईनेछ ।

५. “हाम्रो व्यवहार स्वस्थ परिवार” भन्ने नारालाई सफल पार्न एक वडा एक स्वास्थ्य केन्द्र स्थापनाकोकार्यलाई क्रमशः अगाडि बढाईनेछ ।

६. शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र बिपन्न परिवारलाई बिशेष सहुलियत सहितको स्वास्थ्यउपचारको ब्यबस्था मिलाउन पहल गरिनेछ ।

७. नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा नगर क्षेत्रमा एउटा ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
८. समय समयमा विपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्यशिबिर संञ्चालन गरिनेछ साथै महिलाहरुको लागि पाठेघरको मुखको क्यान्सर निशुल्क परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
९. महिनावारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गरी विद्यालयमा छात्रामैत्रीशौचालय एवम निःशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था गरिनेछ ।
१०. नगर स्वास्थ्य केन्द्रको व्यवस्थापन, स्वास्थ्य चौकीहरुको सु-संचालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पुर्‍याउने लगायत समग्र स्वास्थ्य क्षेत्रको विकास गर्ने निति लिईएको छ ।
११. धुम्रपान, मद्यपान लगायतका मादक पदार्थ विद्यालय क्षेत्र भित्र पूर्ण निषेध गरिनेछ । यदि उक्त पदार्थहरु सेवन गरेको पाईएमा आवश्यक कारबाही गर्ने नीति लिईनेछ ।
१२. स्वस्थ शहरको अवधारणालाई अगाडि बढाउँदै स्वास्थ्यसेवा सुनिश्चित भएको प्रयोगशाला, एक्स रे, पर्याप्त औषधीको व्यवस्था गरी आधारभूत र प्राथमिक स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गरिनेछ । आर्युवेदिक, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका प्रचलित स्वास्थ्य उपचार सेवाको प्रवर्द्धन गरिने छ ।
१३. चालनाखेल प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रुपमा बिकास गरिनेछ । र मनमोहन सामुदायिक अस्पतालमा आवश्यक स्वास्थ्य पूवाधार बिकास गरि सेवा सुविधाको स्तरोन्नती गरिनेछ ।
१४. स्वास्थ्य स्वयं सेविकाहरुलाई समय सापेक्ष रुपमा सशक्त बनाई अगाडी बढाउन क्षमता अभिबृद्दिका कार्यक्रमहरु संचालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१. "स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी" भन्ने नारालाई अवलम्बन गर्दै सबै नगरबासीहरूलाई ५ वर्षभित्रस्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालीन र दीर्घकालीन योजना कार्यक्रम बनाई कार्यान्वयनगरिनेछ । निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्न सम्बन्धित सरकारी निकायमाविशेष पहल गरिनेछ । **प्रत्येक घरको धारामा शुद्ध खानेपानी वितरण गर्ने नीति लिइनेछ ।**
२. दक्षिणकालिका नगरपालिका पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर सरकारीसंघ संस्था तथा आम नागरिक समेतको सहयोग, समन्वय र सहभागितामा पूर्ण सरसफाई कार्यक्रमलागू गरिने छ ।
३. नगर क्षेत्र भित्रका सार्वजनिक स्थान/चोकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक निजीसाझेदारीमा सार्वजनिक तथा घुम्ती शौचालयहरुको निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।
४. वर्षातको महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दैसरोकारवाला निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धिकरणका लागि विभिन्न विधिका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
५. **दक्षिणकाली नगरपालिकालाई सरसफाईयुक्त बनाउनको लागि प्रत्येक वडा आफैले फोहोर व्यवस्थापन गर्ने नीति लिइनेछ ।**
६. **नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने नीति लिइनेछ ।**

## युवा खेलकुद तथा मनोरञ्जन

१. "राष्ट्रका लागि खेलकूदः स्वास्थ्यका लागि खेलकूद" भन्ने नाराका साथ दक्षिणकाली नगरपालिका स्तरीयनगर खेलकुद विकास समिति गठन गरिनेछ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता नगर भित्रका खेलाडीलाइ पुरस्कृत एवं सम्मान गरिनेछ ।
३. नगरपालिकाका प्रत्येक वडामा एउटा खेलमैदानको व्यवस्था गरिनेछ । फर्पिङ फुटवल मैदानलाई प्रदेश स्तरीय रंगशालाको रुपमा विकास गर्दै लगिनेछ ।
४. नगरपालिका भित्रका सबै विद्यालयहरुलाई खेलकुद सामग्री वितरण एवं खेल प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था क्रमशः मिलाईनेछ ।
५. नगरपालिका क्षेत्रमा **नगर कप** फुटवल प्रतियोगिता सञ्चालन गरिनेछ ।
६. सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमुलक तालिम, शिक्षा र प्रबिधि हस्तान्तरणकार्यक्रम अगाडि बढाइनेछ ।
७. आधुनिक कभर्ड हल तथा खेलकद प्रदर्शनी केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
८. नगरपालिका क्षेत्रमा **नगर कप** टेक्वान्डो प्रतियोगिता सञ्चालन गरिनेछ ।
९. युवा वर्गमा लागु पदार्थ दुर्व्यसन प्रति सजगता, रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचालन गरिने छ । लैङ्गिक अल्पसंख्यकहरुलाई आत्मसम्मानपूर्वक जीवन यापन गर्न सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
१०. युवाहरूलाई रूपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरि युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ साथै उद्यमशिलताको प्रवर्धन, तुलनात्मक लाभका क्षेत्रहरुको खोजी र पहिचान तथा व्यवसाय थालनी परामर्श केन्द्र लगायतका कार्य गरिनेछ ।
११. युवाको बेरोजगारीको बिषयलाई मध्यनजर गरी दक्षिणकाली नगरपालिका भित्र मूर्तिकला लगायत प्राविधिक तालिम लिएका व्यक्तिहरुलाई दक्षिणकाली नगरपालिका भित्रै रोजगारीको व्यवस्था मिलाउने निति लिईनेछ ।
१२. CTEVT संग समन्वय गरि युवाहरुलाई प्रबिधिक तालिमहरु उपलब्ध गराई रोजगारी सृजना गर्ने निति लिईनेछ ।
**१३.** लागू औषध र दुर्व्यसनीको कुलतमा लागेका युवावर्गहरुलाई खेलकूदका माध्यमबाट विकासमा लाग्न अभिप्रेरित गरिनेछ ।
**१४. नगरपालिका क्षेत्रभित्र क्रिकेट,व्याडमिन्टन ,दौड लगायतका खेलकुद कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।**
**१५. वडा नं. ३ को DPR तयार भएको खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।**
**१६. नगरस्तरिय व्यवसायिक सीप तालिम केन्द्र खोल्ने नीति लिइनेछ ।**

## लैङ्गिक समानता र सामाजिक समावेशिकरण (लक्षित बर्गसमेत)

१. सवै लक्षित वर्गको पुर्वाधार विकासका लागि विनियोजित रकमबाट छनौट गरिएको आयोजना रकार्यक्रमहरु सम्बन्धित लक्षितवर्गकै सहभागितामा सञ्चालन गरिनेछ ।
२. महिला, बालवालिका, आदिवासी जनजाती, मधेशी, मुस्लिम, पिछडावर्ग, दलित, भिन्न क्षमता भएकाव्यक्ति, लैङ्गिक अल्पसंख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता तथा सीप विकासका लागिसीपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
३. महिलाको क्षमता अभिबृद्धिका लागि सीपमुलक र चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।
४. नगरपालिकालाई महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक काम गरिनेछ ।
५. विपन्न तथा पिछडिएको वर्गका महिलाहरुलाई लक्षित गरी आय आर्जन तथा सिप विकासका साथैसशक्तिकरण र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. हरेक बर्ष अक्टोवर १ तारिख (जेष्ठ नागरिक दिवसका दिनदक्षिणकाली नगरपालिका क्षेत्रमा रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

७. बैंकहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ भने ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक र पूर्णअपांगता भएका व्यक्तिहरुलाई यथाशक्य घर घरमै बैंक मार्फत भत्ता पुऱ्याउने व्यवस्था मिलाउनसम्वन्धित बैंकहरुसँग समन्वय गरिनेछ ।

८. बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति, २०६८ अनुरुपको बालमैत्री स्थानिय शासनको अवधारणालाईसंस्थागत विकास गर्ने नीति लिईने छ । नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्न कार्यक्रम बनाईकार्यान्वयन गरिनेछ ।

९. अपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सवै भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउदै लगिनेछ ।

१०. दलित एवं आदिवासी जनजाति, मुस्लिम र अन्य पिछडावर्गको हक अधिकारको प्रवर्द्धनका लागिसशक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

११. जातिय छुवाछुत एवं भेदभाव बिरुद्धको कानूनलाई कडाईका साथ लागू गरिनेछ ।

१२. सुरक्षित शहर (Safte City) हाम्रो प्रतिबद्धता हो । चेलीबेटी बेचबिखन, बोक्सीको आरोप, घरेलु हिंसा, यातना, संगठित अपराध, बालविवाह, चोरी, डकैती, छुवाछुत, लैंगिक हिंसा, यौनजन्य हिंसा, जबरजस्ती श्रम गराउने, बिधुवा मजदुर, बालश्रम, अमानवीय दुर्व्यवहार अन्त्य गर्न कानून बनाई कार्यान्वयन गरिनेछ ।

१३. वडा स्तरमा बाल समुह, किशोरी समुह तथा **युवा समूह** गठन गरि उनीहरुको मानिसक बिकास, प्रतिभा प्रस्फुटन, क्षमता बिकास कार्यक्रम गरी नगर स्तरिय बाल बालिका तथा किशोर किशोरी समिति गठन गरि उनीहरुलाई सक्षम तथा सशक्त बनाई अगाडी बढाईनेछ ।

१४. सिपहरुलाई व्यवस्थित गरि सामुहिक उद्यमी भई उगोग संचालनमा सहयोग गरिनेछ ।

१५. महिलाहरुद्वारा वडा नं ६ मा नेवारी खाजा घर सञ्चालन गर्नको लागी प्रोत्साहन गरिनेछ ।

१६. महिलाहरुद्वारा वडा नं १ मा तामाङ खाजा घर सञ्चालन गर्नका लागी प्रोत्साहन गरिनेछ ।

**१७. नगरस्तरीय एकल महिला संजाल गठन गरी आयमूलक तथा नेतृत्व विकास कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।**

## ग) पूर्वाधार विकास अन्तर्गत :

## सडक तथा भौतिक निर्माण

१. सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

२. आगामी तीन बर्षभित्र सबै टोल र बस्तीमा सडक सञ्जाल पुऱ्याउने गरी काम अगाडि बढाइनेछ ।

३. बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गर्ने नीति लिइनेछ । हरित र वातावरणमैत्री सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

४. नगरपालिकाको स्वामित्वमा रहने गरी नगर भित्र नगर यातायात व्यवस्थापन र सञ्चालनसम्वन्धी अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।

५. नगरपालिकाको भौतिक एवं सामाजिक सेवालाई अपाङ्ग मैत्री बनाउदै लगिने छ । अपाङ्ग मैत्री र्‍याम्प निर्माणमा केन्द्रित हुँदै पार्किङ्ग, फुटपाथ, जेब्रा क्रशिङ आदिमा नमूना अपाङ्ग मैत्री संरचना निर्माण गर्ने नातिलाई निरन्तरता दिईने छ ।

६. योजनाबद्ध विकासको मार्गमा दक्षिणकालीलाई डोऱ्याउने क्रममा नगर यातायात गुरुयोजनातर्जुमा गरिने छ । प्रस्तुत गुरुयोजनाले नगर भित्रका सडकहरुको वर्गिकरण, सडक अधिकार क्षेत्र निर्धारण तथा समन्वयात्मक विकासमा मद्दत गर्ने विश्वास लिइएको छ ।

७. नगरपालिकाका सबै वडा केन्द्रहरुसम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ । नगरस्तरीय सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने गरी स्तरोन्नति गरिनेछ ।
८. चाल्नाखेल देखि छैमलेसम्मको निर्माणाधिन सडक अबिलम्ब निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।
९. वडा नं १ को चम्पादेवी पाउ देखा चम्पादेवी मन्दिर सम्म खुडकिला बनाई पदमार्ग विकास गरिनेछ ।
१०. वडा नं १, २, ३ र ४ को हात्ती वन क्षेत्र भित्र प्राकृतिक चिडियाघर निर्काण तथा आय मुलक बोट बिरुवा रोप्ने र Cycling route को विकास गरिनेछ ।
११. दक्षिणकाली नगरपालिकाको सवै वडालाई समेटने गरी चक्रपथको विकास गरी सडक संजाल निर्माण गरिनेछ ।
१२. पूर्वाधार विकास तर्फ एक वडा एक नगर स्तरीय योजना अनुसार तपसिल बमोजिमको योजना समावेश गराईनेछ ।

<u>तपसिल</u>

- वडा नं १ चम्पादेवी हाईकिङग पदमार्ग
- चम्पादेवी पाउदेखि चम्पादेवी मन्दिरसम्म सिँढी निर्माण
- वडा नं.१ खहरेमा स्वागत गेट निर्माण
- वडा नं. १ को प्राथमिक स्वास्थ्य केन्द्र देखि वडा नं. २ को वडा कार्यालय सम्मको वन क्षेत्रभित्र चियावगान र सुन्तलाखेतीको विकास गर्ने ।
- वडा नं. २ ग्वालदहमा पोखरी संरक्षण तथा बाल उद्यान निर्माण
- वडा नं.३ मा चन्द्रज्योती पावर हाउसको विकास एवं संरक्षण
- वडा नं. ४ को डाँडामा(नेपाली झण्डा) दृष्यावलोकन पार्क, पिकनिक स्थलको विकास
- वडा नं. ५ शेषनारायणको सामुदायिक वनमा प्राकृतिक चिडियाघर निर्माण तथा पार्क निर्माण
- वडा नं. ५ शेषनारायणमुनी चिल्ड्रेन पार्क, **<u>आयमूलक कार्यक्रम</u>**,जलासय तथा गोरखनाथमा भ्यू टावर निर्माण
- वडा नं. ६ पौचे डाँडामा वालउद्यान निर्माण, दक्षिणकाली मन्दिर परिसरमा आवश्यक व्यवस्थापन
- **<u>वडा नं. ७ को उषामैया दरवार संरक्षण तथा पर्यटन विकास तथा आयआर्जनको कार्यक्रम गर्ने</u>**
- वडा नं. ८ छैमलेमा निर्माणाधिन सहिद पार्क संरक्षण सम्वर्द्धन तथा विकास, थसिगाँउ घैयावारी क्षेत्रलाई पर्यटकिय स्थल निर्माण ।
- वडा नं. ८ छैमले राम्चे हुँदै चौकोटदेवी जातिपोखरी डाँडीखेल चम्पादेवी पर्यटन मार्ग निर्माण
- **<u>वडा नं. ९ मा पर्ने वाणासुर दरवार संरक्षण</u>**, वडा नं. ९ ,६ र ५ मा बृहत खानेपानी संचालन

१३. **<u>नगरपालिका भित्रका योजना संचालन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समितिलाई जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । राम्रो काम गर्ने उपभोक्ता समितिलाई सम्मान र नराम्रो काम गर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने नीति लिइने छ ।</u>**
१४. **<u>यस आर्थिक वर्षलाई निर्माण वर्षको रुपमा लैजाने नीति लिइनेछ ।</u>**
१५. **<u>नगरपालिका क्षेत्रका शाखा सडकहरुमा यातायात संचालन गर्न आवश्यक पहल गरिनेछ ।</u>**
१६. **<u>नगरपालिका क्षेत्रभित्रका प्रत्येक घरघुरीलाई महिनाको एक दिन श्रमदान लिने कामको सूरुवात गर्ने नीति लिइनेछ ।</u>**

## सिँचाई

१. विद्यमान सिँचाईका पूर्वाधारहरुको मर्मत सम्भारको साथै थप आयोजनाहरु कार्यान्वयनमा जोड दिईनेछ ।
२. सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिने छ ।
३. नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ ।
४. नदी खोला बाढी एवं जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको सहभागितामा कार्य अगाडि बढाइनेछ ।
५. नगरक्षेत्र भित्र रहेका **राजकुलोको बर्गीकरण,रेखाङ्कन** र संरक्षण गर्ने नीति लिईनेछ ।
६. खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तारको लागि स्थायी श्रोतहरुको पहिचान तथा विकास गरिनेछ । सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी संकलन गरी भण्डारण, स्प्रिंकल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार गरिनेछ ।
७. सतह सिंचाई ,लघु सिंचाई एवं बर्षको पानी संकलन गर्न लगानी तथा अन्य सुबिधा वृद्धि गर्नुका साथै साना सिंचाई आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन पहल गरिनेछ ।

## भवन तथा सहरी विकास

१. नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाबाट उपलव्ध गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानूनबमोजिम दण्डित गर्ने नीति अवलम्बन गरिनेछ ।
२. घर निर्माण सम्पन्न प्रमाण पत्र उपलव्ध गराउँदा घरधनीले दुईवटा विरुवा अनिवार्य रुपमा रोपेको हुनुपर्ने व्यवस्था लागू गरिनेछ ।
३. बढदो जनसंख्या र नागरिकहरुको आकर्षणको केन्द्र नगर भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका सरकार मातहतका मन्त्रालयसँग समन्वय गरी एकीकृत शहरी विकासको लागि पहल गरिनेछ ।
४. "धुलो रहित शहर, दक्षिणकाली नगरवासीको रहर" भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरुलाई क्रमशः धुलो रहित बनाउने नीति अबलम्बन गरिने छ ।
५. नगरपालिका क्षेत्रभित्र एउटा पहाडी नमूना बस्तीको विकास गरिनेछ । दक्षिणकाली नगर क्षेत्रलाई सुरक्षित, व्यवस्थित, सुविधा सम्पन्न र आकर्षक आवास केन्द्रको रुपमा विकास गरिने छ । टाउन प्लान बिस्तारका लागि आवश्यक कार्यविधि र मापदण्ड बनाई नियमानुसार व्यवस्थापन गरिनेछ ।
६. नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माणव्यवसायीको सम्पूर्ण विवरण खुल्न गरी आयोजना स्थलमै होर्डिङ्ग बोर्ड राख्ने नीतिलाई प्रभावकारीढंगबाट कार्यान्वयन गरिने छ ।
७. बजार व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनका लागि नगर विकास कोषको ऋण सहयोगमानगरपालिका क्षेत्रमा सुविधा सम्पन्न व्यवसायिक भवन बनाउने कार्यको शुभारम्भ गरिनेछ ।
८. **प्रत्येक घर निर्माण गर्दा अनिवार्य रुपमा सेफटी टयाङ्की निर्माण गरिनुपर्ने नीति लिइनेछ ।**

## उर्जा तथा विद्युतीकरण

१. विद्युतीकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतीकरण गर्दै लगिनेछ । काठका पोललाई क्रमशःविस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिईनेछ ।

२. नगर क्षेत्रमा सौर्य उर्जाको सम्भाव्यता अध्ययन गरी वडा नं. ८ को वडा कार्यालयमा सौर्य उर्जा प्लान्ट निर्माण गरिनेछ । सौर्य सडक वत्ती जडानलाई अभियानको रुपमा अगाडि लगिने छ ।सोका लागि योगदानमा आधारित लागत सहभागिताको नीति लिइनेछ । यसैगरी ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिईनेछ ।
३. २ वर्ष भित्र जथाभावी अव्यवस्थित रुपमा रहेको विद्युतीय नाङगो तारलाई व्यवस्थित गरिनेछ । High extension line मा नाङगो तारलाई हटाई कालो तार राख्ने नीति लिईने छ । **तारको व्यवस्थापन गर्दा बस्तीबाट नभई सडक क्षेत्रबाट लैजाने नीति लिइनेछ ।**

## सूचना तथा सञ्चार

१. नगरपालिका र सबै वडा कार्यालयहरुमा इन्टरनेट सेवा बिस्तार गर्दै सेवा प्रवाहलाई सरलीकरणगरिनेछ ।
२. सबै वस्तिहरुमा टेलिफोन, मोबाइल र इन्टरनेट सेवालाई बिस्तार गरिने छ ।
३. नगरपालिका क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति,नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ ।
४. एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन कार्यलाई कानूनबनाई व्यवस्थापन गरिनेछ ।
५. नगरपालिका क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गरिनेछ ।
६. नगरपालिकाबाट हुने र भएका कार्यक्रमहरुको सार्वजनिकीकरण गर्न पत्रकार महासंघसँग समन्वय गरीचौमासिक रुपमा संचारका माध्यमहरुबाट आम नागरिकलाई जानकारी गराइने नीति अवलम्वनगरिनेछ ।
७. सुरक्षित र प्रविधि मैत्री नगर निर्माण गर्ने नीति अबलम्बन गरिने छ । जसका लागि नगरका सबै वडाकोमुख्य मुख्य चोक, धार्मिक तथा पर्यटकीय स्थलहरुमा विद्युतको व्यवस्था सहित सीसी क्यामेरा र फ्रिवाईफाई जडान गर्ने कार्य प्रारम्भ गरिनेछ ।
८. विद्युतीय शासन तथा सेवा प्रणालीलाई प्रबर्द्धन गरिनेछ । सार्वजनिक स्थलहरुमा फ्रि वाइफाई, इन्टरनेट सुविधाको व्यवस्था गरिनेछ ।

## भूमि व्यवस्थापन तथा वस्ती विकास

१. भू-उपयोग नीति जारी गरिने छ । नगरपालिका क्षेत्रको दीगो विकासका लागि उक्त नीति अनुसार वस्तीविकास गर्ने नीति अबलम्बन गरिनेछ ।
२. वैज्ञानिक भूमि व्यवस्थापन कार्यान्वयनमा ल्याइनेछ ।
३. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी एकीकृत वस्तीहरुमाविकासका पूर्वाधारहरु सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुबिधा बिस्तार गरिनेछ ।
४. जग्गा प्लटिङ्ग गर्ने प्रक्रियालाई व्यवस्थित बनाईने छ ।
५. नगरभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको एकीकृत लगत तयार गरिने छ ।नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।सोकार्यका लागि विशेष समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ ।
६. वास्तविक भूमिहीनहरुको लगत संकलन गरिनेछ ।यस दक्षिणकाली नगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट ब्याक पूरा भएको तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा "राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय

सुदृढीकरण (Retrofitting) सहित तला थपको अनुमति प्रदान गर्ने नीति लिइनेछ । नक्सा स्वीकृत गर्ने कार्य कम्प्युटर प्रणालीबाट थालनी गरिने छ ।

७. नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गाको प्रयोग कुन सामाजिक संस्थाले कहिले देखी र के प्रयोजनको लागि गरेका छन ? त्यसको लगत तयार पारी आवश्यक प्रक्रिया अघि बढाईनेछ ।

८. नगरपालिकाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ । यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ । नगरपालिकाका विस्तारित वडाहरुमा सडक मापदण्ड र घरको मापदण्ड पुगेका घरहरुको नक्सा अभिलेखीकरणको निति लिईएको छ ।

९. नगरभित्र रहेको सार्वजनिक जग्गाहरुमा नेपाल सरकारको नीति अनुरुप समृद्ध नेपाल सुखि नेपाली बनाउनको लागि आवश्यकता अनुसार जग्गा लिजमा दिई आम्दानी बढाउने नीति लिइनेछ ।

१०. **नगरपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गाको रेखांकन र सिमांकन गर्ने नीति लिइनेछ । सार्वजनिक जग्गाको संरक्षण गनं नगरस्तरिय सार्वजनिक जग्गा संरक्षण समिति गठन गरी कार्य सुरुवात गर्ने नीति लिइनेछ ।**

११. **यस नगरपालिका क्षेत्रभित्रका बेनिस्सा, गुठीको जग्गाहरुमा परेका समस्याहरुको समाधान गर्न आवश्यक पहल गरिनेछ ।**

## घ) वातावरण तथा विपद् व्यवस्थापन

वातावरण, फोहोर मैला तथा ढल व्यवस्थापन र जलाधार संरक्षण

१. "स्वच्छ, सुन्दर र सफा दक्षिणकालीनगर,फोहोरको व्यवस्थापन हाम्रो अभियान" भन्ने नारा सहितफोहरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्थापन गर्ने कार्यलाई अगाडिबढाइने छ ।

२. नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ फोहर व्यवस्थापनमा असहयोग गर्नेलाईकानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

३. बजार क्षेत्रभरी रहेको सडक तथा सार्बजनिक अतिक्रमणलाइ ध्यानमा राखी खुल्ला सडक, सफा शहर (Open Road and Clean Market) को अबधारणालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

४. बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु छाडेने कार्यलाई नियन्त्रण गर्न आवश्यक पहलगरिने छ र विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ ।

५. नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरीमात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।

६. बजार सफा राख्न नगरपालिकाका महत्वपूर्ण चोकहरुमा विभिन्न संघ संस्थाको समन्वय र साझेदारीमा'फोहोर मलाई' लेखिएका डिब्बाहरु राखिने छ ।

७. फोहोर मैला व्यवस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति,स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

८. नगर क्षेत्रको फोहोर मैलाको दिगो व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल साइटको पूर्वाधार निर्माण गरिनेछ । सबै वडामा व्यवस्थित ढल निकासको निर्माण गरिनेछ ।

९. घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा घरमै छुटयाई सोको उपयोग र उचित व्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ ।

१०. सार्वजनिक स्थलहरूमा फोहोरमैला फाल्ने, सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई निषेध गर्न पहल गरिनेछ ।

११. स्वच्छ तथा हराभरा दक्षिणकाली नगरको लक्ष्यका साथ हरियाली प्रवर्द्धन गर्न सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमको अवधारणा लिईनेछ । जलवायु परिवर्तन, भुकम्पिय प्रभाव र यसको प्रभावका कारण पानीको श्रोतमा आएको कमी र जमीन मुनीको पानीको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाई अवधारणा लिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।

१२. केहो छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिने छ । जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समिति बनाइने छ । फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१३. बजार, पसल, रेष्टुरा, कायालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

१४. नगरपालिका भित्र रहेका निजी, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकीवन्यजन्तुको संरक्षण गरिनेछ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिकोकार्यान्वियनमा प्रभावकारीता ल्याइने छ ।

१५. बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यबस्थापन र बृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ ।

१६. सामुदायिक वन उपभोक्ता समुहहरुसँग समन्वय नियमन र नियन्त्रण गर्दै वन संरक्षण र बिकास गर्नेनीति अवलम्बन गरिने छ ।

१७. वातावरण संरक्षण सम्वन्धमा विद्यालयस्तर सम्म सचेतना मूलक कार्यकम संचालन गरिने छ ।

१८. नगर क्षेत्र भित्र एक वडा एक उद्यान कार्यक्रमलाई क्रमशः लागू गर्दै लगिनेछ ।

१९. सडक किनारका खालि जमिनमा वडा तथा टोल, वस्तिको सहभागितामा वृक्षारोपण गर्दै लगिने छ ।

२०. वन पैदावार, वनजंगल र बृक्षारोपण सम्बन्धी बिशेष कार्ययोजना निर्माण गरी लागू गरिने छ ।

२१. नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेराक्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२२. नेपाल सरकारको केन्द्रीय नीति अनुरुप न.पा. भित्र मापदण्ड विपरितका प्लाष्टिकको झोला विक्रिवितरण र प्रयोगमा रोक लगाउने नीति लिईने छ र बिकल्पको रुपमा कपडाको झोला उत्पादन गर्ने र नगरपालिकालाई २०७५ पुस १ गतेदेखि लागू हुनेगरी प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरिनेछ ।

२३. वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

२४. दक्षिणकाली नगरपालिका क्षेत्रभित्रका सबै नदी तथा खोलाको किनारमा बाँस लगायतका रुखविरुवा रोप्नेकार्यलाइ अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

२५. वन सरंक्षणका लागि नगर क्षेत्रभित्रका वनक्षेत्रमा चरिचरनमा रोक लगाईनेछ ।

२६. नगरपालिकाको तर्फबाट पीच/ढलान गरिने सबै सडक तथा बाटोहरुमा अनिवार्य रुपमा सडकको दायाँबायाँ विरुवा रोप्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ र क्रमशः सबै किसिमका सडकबाटोहरुमा दायाँ बायाँ विरुवा रोप्न प्रोत्साहन गरिनेछ ।

२७. नगरस्तरीय नर्सरी स्थापनाको जिम्मा अनुमतिप्राप्त स्थानीय समुदायलाई दिईनेछ र सो समुदायलेउत्पादित विरुवाहरु नगरपालिकालाई प्राथमिकतामा राखी सहुलियत दरमा उपलब्ध गराउनुपर्ने व्यवस्था लागू गरिनेछ ।

२८. दक्षिणकाली नगरपालिकाको सामुदायिक वन भित्र रहेका रुखो जातका बोट बिरुवा सल्ला जस्ता रुख हटाई अन्य आम्दानी हुने क्षेत्रको विस्तर गरिनेछ ।

२९. सामुदायिक वन उपभोक्ता समूहहरुमा आवश्यकता अनुसार आयमूलक कार्यक्रम संचालन गरी उपभोक्तको आयस्तर वृद्धि गराउने नीति लिइनेछ । साथै पर्यटकिय स्थललाई होटल व्यवसायको विकास गरी लैजाने नीति लिइनेछ ।

३०. सामुदायिक वनमा एक सामुदायिम वन एक आयमूलक कार्यक्रम स्वरुप पार्क निर्माण गर्दै लैजाने नीति लिइनेछ ।

**३१.** वडा नं. १ को प्राथमिक स्वास्थ्य केन्द्र देखि वडा नं. २ को वडा कार्यालयसम्मको सामुदायिक वनभित्र चिया वगान, सुन्तला खेती जस्ता आम्दानी हुने विरुवाहरु लगाइनेछ ।

**३२. प्रत्येक बर्षमा नगरपालिका क्षेत्रभित्र एकदिन वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ ।**

**३३. एक घर दुई विरुवा र एक वडा एक नर्सरीको अवधारणालाई कार्यान्वयन गर्ने नीति लिइनेछ ।**

## विपद् व्यवस्थापन

१. नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापनसमिति/वडा स्तरीय विपद व्यवस्थापन समिति तत्काल गठन गरिनेछ । स्थानीय आपतकालीन केन्द्रसञ्चालन गर्न आवश्यक पूर्वाधारको तयारी गरिने छ ।

२. प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापनयोजना तर्जुमा गरिनेछ ।

३. प्रत्येक वडा तथा वस्तीमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षणगरिनेछ ।

४. विकासका योजना तयार गर्दा बिपद न्यूनीकरणका पक्षमा विशेष ध्यान दिईने छ ।

५. नगर स्तरीय विपद व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहतसामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ साथै बिपद पिडीतलाई तत्काल राहततथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्तजनशक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।

६. भवन निर्माण संहितालाई कडाइका साथ लागू गरिने छ ।

७. आगलागीजन्य क्रियाकलापहरुलाई नियन्त्रणका लागि नगरपालिकाको दमकल सञ्चालनको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

९. विपद पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी,गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिने छ ।

१०. बिपद जोखिम न्युनीकरण सम्बन्धी कार्य योजना बनाई लागू गरिने छ ।

११. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण रसमन्वयको कार्यलाई पाथमिकताका साथ अगाडि बढाइनेछ । विपद प्रतिकार्य योजनाका लागि नेपालरेडक्रस सोसाइटी नेपाल प्रहरी, सशत्र प्रहरी बल नेपाल समेतको सहकार्यमा विपद प्रतिकार्य टिमहरुकोनिर्माण गरिने छ ।

## ङ) संस्थागत विकास र सार्वजनिक सेवा प्रवाह :

**१.** "मुस्कान सहितको सेवा" को मूल नारालाई नगर कार्यपालिकाको कार्यालय, ९ वटै वडा कार्यालय रअन्य विषयगत कार्यालयहरुमा अवलम्बन गरिनेछ । गुणस्तरीय सेवा प्रवाहका लागि पदाधिकारी रकर्मचारीहरुको कार्य विवरण तथा आचार संहिता तयार गरी सोही आधारमा सेवा प्रवाहको व्यवस्थामिलाईनेछ ।

२. नगरपालिकामा आवश्यक र उपयुक्त कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ । **सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक वडामा CCTV जडान तथा गुनासो पेटिका राख्ने नीति लिइनेछ ।**

३. नगरको समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरुसँग साझेदारी,जनताको प्रत्यक्षश्रमदान र सहकार्य गरिनेछ ।

४. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ । वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

५. प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिसकिएको छ । यो वर्ष पनि प्रत्येक वडाले संकलन गरेको राजस्व रकमको २० प्रतिशत रकम थप विकास निर्माण तथा वडाको सेवा सुविधा र आवश्यक कर्मचारी व्यवस्थापनको लागी कायान्वयन गरिने निति लिईएको छ ।

६. नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं स्थानीय सुशासन कायम गरिनेछ । वडा तथा नगरमा प्रत्येक शुक्रवार गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । सेवाग्राहीहरुलाई मुस्कान सहितको सेवा दिने लक्ष्य रहेको छ । सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाइनेछ । ई - बिडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ । गुणस्तर मापदण्ड बनाई लागू गरिनेछ । विकास कार्यहरुको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

७. नगरक्षेत्रको योजनाबद्ध विकासमा सहयोग पुऱ्याउन राजनितिक दल, कर्मचारी, जनप्रतिनिधीहरु, योजनाविद र बुद्धिजीवीहरु सम्मिलित नगरस्तरीय योजना आयोगको गठन गरिनेछ । नगरपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि आचारसंहिता बनाई लागू गरि सकिएको छ । जनप्रतिनिधिले निर्वाचित भएलगत्तै र कार्यकाल समाप्त भएपछि अनिवार्य सम्पत्ति विवरण बुझाउने कानूनी व्यवस्था कडाईका साथ पालना गरिनेछ ।

८. नागरिकहरुको सूचनामा सहज पहुँच सुनिश्चितताको लागि आवश्यक व्यवस्था गरिनेछ । क्रमशः खुला सरकारको अवधारणा अवलम्बन गरिनेछ । सामाजिक संजाल तथा विद्युतीय प्रविधिहरुको स्थापना, प्रयोग र विस्तार गरिनेछ ।

९. उपभोक्ता हित संरक्षणसम्बन्धी नागरिक बिज्ञहरु समेतको सहभागितामा एउटा निकाय स्थापना गरेर उपभोक्ता शिक्षा, सूचना र बजार अनुगमनको व्यवस्था प्रभावकारी ढङ्गले लागू गरिनेछ । सबै पसलहरूमा मूल्यसूची राख्न अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ साथै कर्मचारी र जनप्रतिनिधीहरु सधै जनता प्रति समपित रही रहने निति लिईनेछ ।

१०. नगरपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुऱ्याइनेछ । वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास र परिचालन गरिनेछ । नगर उपप्रमुखको संयोजकत्वमा गठन हुने न्यायिक समितिलाई श्रोत साधनयुक्त बनाईनेछ ।

११. सदस्यहरुको संयोजकत्वमा न्यायिक उपसमिति गठन गर्नुका साथै न्यायिक समितिको संयोजकबाट निश्चित अधिकार प्रत्यायोजन गरिने निति लिईएको छ ।

१२. नगरपालिकामा गठन भएका विषयगत समितिहरुलाई दिइएको कार्य क्षेत्र बाहेकमा पनि विषयगत कार्य समितिले छलफल गरी निर्णय लिन सक्नेछ ।

१३. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा बिस्तार गरो E-Governance लाई तिव्रता दिईने छ । सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोस्रा चरणमा इन्टरनेटमा आधारित (online Service) बनाई प्रवाह गर्ने नीति रहेको छ ।

१४. नगरपालिकामा उत्कृष्ट काम गर्ने कर्मचारीहरु, महिला समुह, बन समुह, महिला स्वास्थ्य स्वयं सेवकहरु तथा टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, कृषक समूह, उपभोक्ता समिति र सहकारी संस्था आदिलाई पुरस्कृत गरिने नीति लिईनेछ ।

१५. नगरमा बस्ने परिवारहरुको वेवमा आधारित पारिवारिक विवरण अभिलेख राख्ने प्रणाली स्थापना गर्न साझेदारहरुको खोजी गरिनेछ ।

१६. नगरपालिकमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागी विभिन्न सेवाकालिन तालिमहरु संचालन गरिनेछ । राम्रो कार्य सम्पादन भएका स्वदेशकै अन्य नगरपालिकाहरुसँग अन्तरक्रिया र अवलोकन भ्रमण गराई थप क्षमता विकासको लागी प्रयास गरिनेछ । कर्मचारी कल्याण कोषलाई व्यवस्थित गराउन यसमा जम्मा गर्नुपर्ने रकम जम्मा गरिनेछ ।

१७. नगरपालिकाको आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र नगर बासोलाइ छिटो छरिटो, सरल र प्रभावकारी ढंगले सेवा सुबिधा उपलव्ध गराउन जनताको अपेक्षा सुशासन न्याय र मानव अधिकारको रक्षा भन्ने मूल नारालाई लिई मुस्कान सहितको सेवा प्रदान गरिने निति लिईएको छ ।

१८. **प्रत्येक वडा कार्यालयलाई आफनो वडाको प्रोफाइल बनाउनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । साथै विद्युतिय सुचना पाटीको व्यवस्थापन गर्ने नीति लिइनेछ ।**

## बैठक व्यवस्थापन

१. नगर सभा र नगर कार्यपालिकाले निर्माण गरेको कानूनको परिधि भित्र रहेर हरेक सभाको बैठक व्यवस्थापन गरिनेछ ।

२. कार्यपालिकाको बैठकको ३ दिन अगावै - ३ महले पत्रको आधारमा तय गरि बैठक बोलाईनेछ ।

३. बैठकको एजेन्डा तय गर्दा समन्वय गरि गरिनेछ ।

४. कार्यपालिकाको बैठकका निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन गरिनेछ ।

५. कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापनलाई चुस्त दुरुस्त र व्यवस्थितगरिनेछ ।

६. बैठकको मूल्य, मान्यता तथा बरियता समेतलाई मध्य नजर गर्दै बैठकलाई अनुशासित र मर्यादितबनाइनेछ ।

## विदा, उत्सव, उर्दी, जात्रा, पर्व

१. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचितव्यवस्थापन गरिनेछ ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. संविधानमा उल्लेखित सबै सबैधानिक व्यबस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागिबनेका कानून तथा कार्यबिधि मातहत रही कार्यान्वयन गरिने छ ।

२. असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३. कानून विपरीत स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाईकानूनको दायरामा ल्याइनेछ ।

४. केन्द्र र सबै वडाहरुमा विवाद समाधानका लागि मेलमिलापको उचित प्रवन्ध मिलाईनेछ ।

५. शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पूर्वाधार निर्माणमा आवश्यक सहयोगगरिनेछ ।

६. न्यायिक समितिको सचिवालय व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलापर मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
७. न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति रसमुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयनको शुरुवात गरिनेछ ।
८. न्यायिक निर्णय तथा फैसला कार्यान्वयनको लागि भौतिक संरचना निर्माण संस्थागत क्षमता विकास र सांगठनिक संरचना निर्माण कार्यको थालनी गरिनेछ ।

## सार्वजनिक खरिद् तथा सम्पत्ति व्यवस्थापन

१. नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषयको सम्पादनसंघीय, प्रदेश र नगरपालिकाको मौजुदा कानूनको परिधी भित्र रहेर सम्पादन गरिनेछ । नगरमा दर्ता गरि प्रकृया पुगेका स्थानिय व्यापारी संग समान लिईनेछ ।
२. नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल,व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनिज, वनको विवरण सहितको अद्यावधिक अभिलेख राखिएको साथै सार्वजनिक जग्गा भवन सामुदायिक वन भित्र वातावरणीय हिसावले खलल नहुने गरी आय आर्जन गर्ने निति लिईनेछ ।
३. नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ ।
४. नगरपालिकास्थित सरकारी सम्पत्तिका संरक्षण, सम्बद्धन र एकीकृत अद्यावधिक विवरण राखिनेछ ।

## योजना छनौट तथा कार्यान्वयन

१. तलदेखि माथि जाने (Buttom Up Approach) नीति अनुसार वस्ती वस्ती तहबाट योजना छनौट गरिनेछ ।
२. योजना छनौट तथा प्राथमिकिकरण गर्दा राष्ट्रिय विकास नीति र स्थानिय सरकार संचालन ऐन २०७४को परिच्छेद ३ दफा ११ (२) मा उल्लेख भएबमोजिमका कार्यहरुमा,वातावरणीयअनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाईप्राथमिकता दिईनेछ ।
३. योजना चक्रको प्रत्येक चरणमा हितग्राही समूहलाई सहभागी गराईने छ । बढीभन्दा बढी जनसहभागिताहुने योजनालाई प्राथमिकता दिईनेछ ।
४. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीति लिइनेछ ।

## गैर सरकारी संघ संस्था

१. नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमती पश्चातआफनो कार्य क्षेत्र तय गरीवडाको सिफारिसमासामुदायिक क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइनेछ ।
२. संघ संस्थाको गठन, दर्ता, नबिकरण र संञ्चालनको लागि सो सँग सम्बन्धित कानून निर्माण गरीकार्यान्वयनमा ल्याइनेछ ।
३. विदेशी दातृनिकायहरू मार्फत अनुदान प्राप्त NGO/INGO, एवं निजी तथा व्यापारिक संस्थाहरू तथाअन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने रसहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

४. नगर क्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुलाई नेपाल सरकारको प्रचलित कानून बमोजिमनगरपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात सम्बन्धितवडाको सिफारिसमा मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाईकडाईका साथ कार्यान्वयनमा ल्याईने छ । उल्लिखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिकाकार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीतिअबलम्बन गरिने छ ।

## स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय

१. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको व्यवस्थामिलाइनेछ ।
२. जिल्ला समन्वय समिति, वडा तहसँगको सम्पर्क, समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचारलगायतका विषयहरुलाई व्यवस्थित बनाईनेछ ।

**आदरणीय उपस्थित महानुभावहरू :**

आगामी आ.व.०७५/०७६ को लागि कुल आय निर्धारण गर्दा तपसिल बमोजिमको सीमा तयार गरिएको छ ।

तपसिल

१. वित्तीय समानीकरणबाट प्राप्त हुने रकम - ९,०७,००,०००।-(नौ करोड सात लाख रूपैयाँ)
२. राजश्व वाँडफाँडबाट प्राप्त रकम- ४,९७,८४,०००।-(चार करोड सन्तानब्बे लाख चौरासी हजार रूपैयाँ)
३. सशर्त अनुदान - १४,२६,००,०००।-(चौध करोड छबिस लाख रूपैयाँ)
४.सामाजिक सुरक्षा अन्तर्गतको अनुमानित रकम - ३,५३००,०००।-(तिन करोड त्रिपन्न लाख मात्र)
५. प्रदेश सरकारबाट वित्तीय समानीकरण बापत प्राप्त हुने रकम - ७९,६०,०००।(उनान्असी लाख साठी हजार मात्र)
६. प्रदेश सरकारबाट सशर्त अनुदान बापत प्राप्त हुने रकम -१६०४९,०००।(एक करोड साठी लाख उनान्चास हजार मात्र।)
७. प्रदेश सवारी साधन कर बाँडफाँडको वापत प्राप्त रकम - ११७०४०००।(एक करोड सत्र लाख चार हजार मात्र।)
८. नगरपालिकाको आन्तरिक श्रोत अन्तर्गत प्राप्त रकम - ७३,७६४,०००।-(सात करोड सैत्तिस लाख चौसठ्ठी हजार मात्र)

जम्मा- ४२७,८५१,०००।-(बयालिस करोड अठहत्तर लाख पैसठ्ठी हजार मात्र)

संघिय तथा प्रादेशिक सरकारबाट स्थानिय तहलाई प्राप्त हुने वित्तिय श्रोतहरु मार्फत प्राप्त हुने रकम एकिन हुन नसकेकोले अनुमानित बजेट प्रस्तुत गरिएको छ । सशर्त अनुदानको रकमबाट संचालन गरिने क्रियाकलापहरु मध्ये चालु तथा पूँजीगत तर्फका कार्यक्रम एकिन गर्न नसकिएकोले यस बजेटमा चालु खर्च तथा पूँजीगत खर्चको हिस्सा एकिन रुपमा देखाउन सकिएको छैन ।

आन्तरीक आयको अनुमानको हकमा यस नगरपालिका क्षेत्रभित्रका प्राकृतिक श्रोत साधन निकासी कर,पटके सवारी कर,सार्वजनिक भवन,पिकनिक स्पोर्ट, गोरखनाथ सरस्वती बज्रयोगिनी र शेषनारायण मन्दिर लगायतका

क्षत्रको टेण्डर (सिलबन्दी दरभाउपत्र) र राजश्व दररेट मार्फत राजश्व संकलन गर्ने गरी आन्तरिक आयको लक्ष्य निर्धारण गरिएको छ ।

**आदरणीय उपस्थित महानुभावहरू :**

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा दक्षिणकाली नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत बजेट नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस दक्षिणकालीनगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तिका यथाशीघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । योजना तर्जूमा आफैमा महत्वपूर्ण त हो नै तर यसको कार्यान्वयन हुन सकेन भने वाञ्चित प्रभाव छाडन सकिदैन । अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तप्काका पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा,आजको यस विशिष्ट अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथिज्यूहरु ,नगरसभाका सदस्यज्यूहरु तथासञ्चारकर्मी साथीहरु, विषयगत कार्यालय तथा नगरपालिकाका कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, विषय क्षेत्रगत समितिका पदाधिकारीहरु, सदस्यहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु र यस नगरपालिकाको उन्नति प्रगतिमा अहोरात्र खटिई यस सभालाई भव्य र सभ्य रुपमा सफल गराउन खटिनु भएका नगरपालिकाका कर्मचारी साथीहरु र सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**

श्री बसन्ती तामाङ (डंगोल)
नगर उप-प्रमुख
दक्षिणकाली नगरपालिका, फर्पिङ, काठमाडौं